**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ सितम्बर २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. उत्तर बंगाल मा भइरहेको भारी वर्षा अनि पैह्रोको कारण भएको क्षतिको निरक्षण गर्नका लागि मुख्यमंत्री ममता बनर्जी भोलि आइतवार क्षेत्र को भ्रमण गर्नुहुनेछ।
२. नेपाली जगतकी ख्याती प्राप्त गायीका अरुणा लामाको जन्म जयन्ती आज दार्जीलिङ्गमा भव्य रुपमा पालन गरियो।
३. प्रधानमंत्री नरेन्द्र मोदीले भोलि आइतवार बिहान 11 बजे आकाशवाणीबाट श्मन की बातश कार्यक्रम मा देशवासीहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ।
४. जलपाइगड़ी जिल्लाको राजगंज ब्लॉकको धुपगुड़ी बस्ती क्षेत्रमा करंट लाग्नको कारण एउटै परिवार को चार मानिसहरुको मृत्यु भएको छ।
५. नेपाल को मौसम विभागले आगामी २४ घंटाको लागि अझ भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**मुख्यमन्त्री भ्रमण**

उत्तर बंगालमा भारी वर्षा अनि पहिरोको कारण भैरहेको क्षतिको निरिक्षण गर्न मुख्यमन्त्री ममता ब्यनेर्जीले भोलि क्षेत्रको भ्रमण गर्नुहुनेछ । सचिवालय नवान्नको शुत्रहरु अनुसारए मुख्यमंत्री भोलि अपरान्ह कोलकाता देखि बागडोगरा हवाई अड्डाको माध्यम द्वारा सिलगडी आइपुग्नुहुनेछ । सिलगडी आएपछि उहाले उत्तर बंगालको स्थिति बारे प्रशासनिक अधिकारिहरुसित बैठक गर्नुहुनेछ।मुख्यमंत्री सोमवार कोलकाता फर्किनुहुनेछ ।

****** ० ******

**अरूणा लामा जयन्ती**

नेपली जगतकी ख्याति प्राप्त गायिका अरूणा लामा को जन्म जयन्ती भव्य रूपमा पालन गरियो। दार्जीलिङको गोरखा रंगमंच भवनमा आयोजित यस कार्यक्रममा गायिका दावा ग्याल्मोलाई अजम्बरी सम्मान तािा संगीतकार कुन्दन राज सुबबालाई गोपाल सुब्बा स्मृति पुरस्कारले सम्मानित गरियो। यस अवसरमा अरूणा लामा दावा ग्याल्मो र बिनोद स्यांगदेनका लोप्रिय कालजयी गतीहरू प्रस्तुत गरियो। यसै समारोहमा दुई जना वरिष्ठ बाध्यवादकहरू पनि सम्मानित गरियो। सप्तरंगी समूह दाजीप्रलिङ द्वारा आयोजित यस ससमारोहमा शहीद कप्तान ब्रिजेश थापाका पिता अवकाश प्राप्त कनर्नल भूवनेश थापले मेन्डोलिनमा अरूणा लामाका धुनहरू प्रस्तुत गरे।

****** ० ******

**आर.जी कर**

कोलकाताको एक विशेष अदालतले आगामी ३० सेप्टेम्बरमा केन्द्रिय अन्वेषण ब्यूरो (सीबीआई)- को त्यस याचिकामाथि सुनवाई गर्नेछ जसमा आरजी कर मेडिकल कलेज एवं अस्पतालका पूर्व प्रिन्सिपल सन्दीप घोषको नार्को विश्लेषण (नार्को-एनालिसिस) गर्ने माग गरिएको छ। यो मामिलामा अस्पताल परिसरमा एकजना जुनियर डाक्टरको बलात्कार अनि हत्यासित सम्बन्धित छ।यस दिन कोर्टले मामिलाका अर्का आरोपी टाला पुलिस स्टेशनका पूर्व थानाध्यक्ष अभिजीत मण्डलको पोलीग्राफ परीक्षणको लागि सीबीआईको याचिकामाथि पनि सुनवाई गर्नेछ। घोष र मण्डल दुवै न्यायिक हिरासतमा छन् भने उनीहरूलाई आगामी ३० सेप्टेम्बरमा विशेष अदालतमा पेश गरिनेछ। सीबीआईले यस मामिलामा पहिला नै सन्दीप घोषको पोलीग्राफ परीक्षण गरिसकेको छ भने अब एजेन्सीले उनको नार्को विश्लेषणको माध्यमबाट यस परीक्षणको परिणामसित मिलान गराउन चाहन्छ।नार्को

विश्लेषणमा व्यक्तिलाई सोडियम पेंटोथल नामक औषधि दिइन्छ जसलाई "सत्य सीरम" पनि भनिन्छ। यस औषधिको सेवनबाट व्यक्तिले साँचो मात्र बोल्छ भन्ने मान्यता रहेको छ।

****** ० ******

**उत्तर बंगाल**

बितेका दुई दिनदेखिको लगातार परिरहेको मुसलधारे पानीको कारणले उत्तर बंगालका पहाड़ी एवं मैदानी दुवै क्षेत्रको जनजीवन पूर्ण रूपले प्रभावित भएको छ। गए शुक्रवार रातीदेखि भइरहेको अविरल वर्षाले गर्दा दार्जीलिङ अनि कालेबुङ जिल्लाका कतिपय क्षेत्रहरूमा पैह्रो गएको छ जसबाट सड़कहरूमा आवागमन बाधित भएको छ। कालेबुङको मल्ली क्षेत्रमा पैह्रो गएको कारणले सड़कमा पहाड़हरूबाट ढुङ्गा.माटो झरेर सड़कमा थुप्रिएको छ भने दार्जीलिङ जिल्लाका केही क्षेत्रहरूमा पनि यस्तै अवस्था भएको छ।कालेबुङ जिल्ला प्रशासनले तत्कालै राष्ट्रिय राजमार्ग.१० लाई बन्द गर्ने आदेश दिएको  छ। लोक निर्माण विभागले यसको समीक्षा गरून्जेलसम्म यो मार्ग बन्द रहनेछ। यस बाहेक गोरूबथानदेखि लाभा जाने वैकल्पिक मार्गको अवस्था पनि जोखिमपूर्ण भएको छ जसलाई ध्यानमा राख्दै प्रशासनले यसको प्रयोगमाथि पनि रोक लगाइदिएको छ।उत्तर बंगालका मैदानी क्षेत्रहरूमा पनि लगातार पानी परिरहेकोले टिस्टा नदीको जलस्तर बढ़्न थालेको छ। गत शुक्रवार राती नदीको ब्यारेजबाट पानी छोड़ियो जसले गर्दा टिस्टाको किनारमा अवस्थित क्षेत्रहरूमा त्रास फैलिएको छ। अर्कोतिर प्रशासनले टाकिमारी अनि माबलबजार सहित जलपाईगुड़ी नगरपालिकाको दुई र तीन नम्बर वार्डका बासिन्दाहरूलाई माइकिंग गरेर चेताउनी दिंदै मानिसहरूलाई नदीको किनारदेखि टाड़ा बस्ने निर्देश दिरहेको छ।मौसम विभागले दार्जीलिङए कालेबुङ र जलपाईगुड़ी जिल्लामा शनिवार पनि घना वर्षा हुने सम्भावना व्यक्त गरेको छ। यहाँ ७ देखि ११ सेन्टीमीटरसम्म वर्षा हुने सम्भावना व्यक्त गरेको छ जसबाट नदी.नालाको जलस्तर बढ़्नेछ। पहाड़ी क्षेत्रहरूमा पनि पैह्रो जाने आशंका छ जसबाट सामान्य जनजीवनमाथि जोखिम मड़ारिरहेको छ। मौसम विशेषज्ञहरूको भनाइ छए यस वर्षाले कृषि मात्र प्रभावित नभएर पहाड़मा लगातार भलपैह्रो जाने घटनाहरू पनि हुनसक्छ। प्रशासनले सबै मानिसहरूलाई सतर्क रहने अनि कुनै पनि आपतकालीन स्थितिमा शीघ्र अधिकारीहरूलाई सम्पर्क गर्ने अपील गरेको छ ।

****** ० ******

**श्रद्धाञ्जली**

प्रधानमंत्री नरेन्द्र मोदी ले आज स्वतंत्रता सेनानी भगत सिंहलाई उहाँको जयंतीमा श्रद्धांजलि दिनुभएको छ। एउटा सोशल मीडिया पोस्ट मा श्री मोदीले भगत सिंहलाई नमन गर्नुहुँदै शहीद भगत सिंह एक यस्ता अमर स्वतंत्रता सेनानी हुन् जसले मातृभूमि को सम्मान को रक्षा को लागि आफ्नो प्राणको आहुति दिनुभयो भनी बताउनुभएको छ। आज स्वर कोकिला लता मंगेशकर को पनि ९५ औ जयंती हो। प्रधानमंत्री नरेन्द्र मोदीले लता मंगेशकरलाई उहाँको जयंतीमा स्मरण गर्नुहुँदै लता मंगेशकरले आफ्नो भावपूर्ण गीतहरुको कारण मानिसहरुको हृदय मा सदैव आफ्नो स्थान बनाई राख्नेछन् भनी बताउनुभएको छ।

****** ० ******

**प्रधानमंत्री मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले भोलि आइतवार बिहान ११ बजे आकाशवाणीबाट श्मन की बातश कार्यक्रम मा देशवासीहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मन की बात कार्यक्रम को १ सय १४ औ संस्करण हुनेछ। श्री मोदीले तेस्रो पटक प्रधानमंत्री पद संभाल्नु भए पछि यो मन की बात को चौथो कार्यक्रम हुनेछ। कार्यक्रम आकाशवाणी अनि दूरदर्शन को सबै नेटवर्कए आकाशवाणी समाचार वेबसाइट अनि दमेूवदंपत मोबाइल ऐपमा पनि प्रसारित गरिनेछ। यसलाई आकाशवाणी समाचारए डीडी न्यूजए पीएमओ अनि सूचना एवं प्रसारण मंत्रालय को यूट्यूब चैनलहरुमा पनि सीधा प्रसारित गरिनेछ। हिंदी प्रसारण को तुरंतै पछि आकाशवाणी क्षेत्रीय भाषाहरुमा पनि यसलाई प्रसारित गरिनेछ।

****** ० ******

**डेथ**

जिल्लाको राजगञ्ज ब्लक अन्तर्गत गाजोलडोबा संलग्न टाकीमारीको धुपगुड़ी बस्ती क्षेत्रमा करेन्टको चपेटमा परी एउटै परिवारका चारजना सदस्यहरूको पीड़ादायी मृत्यु भएको छ। मृतकहरूको पहिचान परेश दास , उनकी पत्नी दीपालीए छोरा मिथुन र नाती सुमन . को रूपमा भएको छ। घटनापछि आज सिलगढ़ीका मेयर गौतम देवले पीड़ित परिवारसित भेट गरे।प्राप्त जानकारी अनुसार हिज शुक्रवार साँझ मिथुनले खेतबाट गाई.वस्तुहरूलाई घरमा ल्याइरहेका थिएए त्यसैबेला गाई गोठ बाहिर जमिएको पानीमा पस्यो जसमा करेन्ट थियो। मिथुनले गाईलाई बचाउने प्रयास गर्दा तिनी पनि करेन्टको चपेटमा परे। उसको चित्कार सुनेर परेश र दीपाली पनि तिनलाई सहयोग गर्न दौड़ेर पुगे जसले गर्दा यी दुई पनि करेन्टको चपेटमा परे। दुई वर्षीय सुमन हजुरआमा दीपालीसित थियो जसले गर्दा उसको पनि घटनास्थलमै मृत्यु भयो। यस घटनाले सम्पूर्ण क्षेत्रमा गहिरो शोक व्याप्त भएको छ।यसबीच घटनाको खबर पाउनसाथ शनिवार सिलगढ़ीका मेयर गौतम देव राजगञ्जका विशायक खगेश्वर राय सहित पीड़ित परिवारसित भेट गर्न तिनीहरूको घरमा पुगे। उनीहरूले मृतकहरूप्रति संवेदना व्यक्त गर्दै हरसम्भव सहयोग गर्ने आश्वासन दिए।

****** ० ******

**नेपाल वर्षा**

नेपालमा विगत केही दिनहरूदेखि भइरहेको लगातार वर्षाको कारण पूर्वको संखुवासभामा अरूणदेखि लिएर पश्चिममा कपिलवस्तुको बाणगंगा जस्ता लगभग सबै नदीहरूको जलस्तर खतराको निशानसम्म पुगेको छ। नदी अरूण, दुधकोशी, सनकोशी, बागमती, नारायणी, तिनाऊ अनि बाणगंगा तथा सहायक नदीहरूको जलस्तर चेतावनीको स्तरलाई पार गरिसकेको छ तथा केही नदीहरूको जलस्तर खतराको निशानलाई पनि पार गरिसकेको छ। नेपालको मौसम विभागले आगामी २४ घण्टाको निम्ति तेज वर्षाको अनुमान व्यक्त गरेको छ। मानिसहरूलाई अनावश्यक यात्रा नगर्ने अनि सुरक्षित बस्नको निम्ति सतर्कता अप्नाउने सल्लाह दिएको छ। यसै बीच जिल्ला प्रशासन कार्यालय मकवानपुरले कुलेखानीको निम्त तटवर्ती क्षेत्रहरूमा बस्ने मानिसहरूको निम्ति हाई अलर्टे जारी गरेको छ। बागमती नदीको छेउछाउका क्षेत्रहरूमा अचानक बाढ़ आउने आशंकाको मध्येनजर सुरक्षाकर्मीहरू अनि स्वयंयेवकहरूलाई हाई अलर्ट बस्ने निर्देश पनि दिएको छ। नेपाल पुलिस अनि नेपाल सशस्त्र पुलिस बल नाखु, त्रिपुश्वेर बन्सीघाट, थीमी कौसलटार अनि काठमाण्डौ घाटीको कुलेश्वर क्षेत्रमा बचाव अभियान चलाई रहेको छ। धेरै क्षेत्रहरुमा भूस्खलनको कारण जमा भएको मलबा हटाउने प्रयास जारी छ।

****** ० ******

**सोनादा**

सोनादा ग्राम पञ्चायत दुई अन्तर्गत लोवर सिडर्समा घर पैह्रोको चपेटमा परेको छ। उक्त पैह्रोको कारणले सोनादादेखि मुण्डा बाँसघारीसम्म जाने रोड वाधित बनेको छ। विगत केही दिनदेखि अविरल वर्षाको कारण जोरबंगला सुखिया पोखरी खण्ड अधीनस्थ लोवर सोनादा ग्राम पञ्चायत दुई अन्तर्गत लोवर सिडर्सको वार्ड नम्बर ६ मा पैह्रो गएको छ।यस पैह्रोका कारण दैनिक रूपमा गाडी चल्ने मेन रोड पनि अवरुद्ध बनेको छ। यस सडकले मुण्डा बाँसघारी लगायत सिडर्सका सम्पर्ण यातायात नै बाधित बनेको छ। उक्त सडक भएर नै सोनादा वा अन्य ठाउँ पढ्न जाने विद्यार्थीहरूलाई अनि बजार आउ जाउ गर्नेहरूलाई धेरै समस्या भएको छ।

****** ० ******

**मकैबारी**

खरसाङको मकैबारी चियाबगान अन्तर्गत कैलापानी गाउँदेखि केही माथि रहेको रमिते डाँडाबाट पैह्रो जान थालेपछि डाँडा मुनिका प्रायः एघार घर खतरामा परेको छ। केही वर्ष अघिदेखि झर्न शुरू गरेको यस पैह्रो पुनः झर्न शुरू गरेको छ। गत केहीदिनदेखि यता लगातार रूपमा परिरहेको पानीको कारण शुक्रबार राति पनि त्यहाँबाट पैह्रो जान शुरू भएको छए जसले गर्दा स्थानीय ग्रामवासीहरू चिन्तामा परेका छन् द्यउनीहरूलाई यहाँबाट अन्य सुरक्षित स्थानमा सारिनुपर्ने माग ग्रामवासीहरूले गरेका छन्। यस सम्बन्धमा एघार घरले सामूहिक रूपमा हस्ताक्षर गरेर खरसाङ खण्ड विकास कार्यालयए पाण्डु ग्राम पञ्चायतए मकैबारी चियाबगान प्रबन्धकपक्ष आदिलाई अवगत गराइसकेको जनाउँदै पीडित परिवारहरूको पक्षबाट शीघ्र यहाँबाट सुरक्षित स्थानमा सारिदिने आग्रह गरेका छन्।

****** ० ******

**<u>फायर</u>**

सिलगढ़ीको हिलकार्ट रोडस्थित सबैभन्दा व्यस्त विधान मार्केटमा आज बिहान लगभग  साढे दश  बजे आगो लाग्यो। यस अग्निकाण्डमा धेरैवटा पसलहरू जलेर खरानी भएका छन्। दमकलका आधा दर्जन वाहनहरू आगोलाई नियन्त्रण गर्ने प्रयासमा जुटेका थिए । सबैभन्दा व्यस्त बजारमा यसरी भयानक आगो लागेपछि चारैतिर भाग-दौड़ मच्चियो।स्थानीय पसलेहरूले बताए अनुसार ए बिहान अचानक एउटा कपड़ा पसलमा आगो लाग्यो जसले हेर्दा-हेर्दै विकराल रूप लियो। हतार-हतार यसको सूचना सिलगढ़ी पुलिस अनि दमकल विभागलाई दिइयो। घटनास्थलमा दमकलको दलले आगोलाई निभाउन कड़ा परिश्रम गरिरह्यो । सिलगढ़ी दमकल केन्द्र अतिरिक्त फूलबाड़ी दमकल केन्द्रबाट पनि केही वाहनहरूलाई घटनास्थलमा बोलाइएको थियो । यस अग्निकाण्डमा दर्जनौं पसलहरू जलेर क्षतिग्रस्त भएको आशंका व्यक्त गरिएको छ ।

****** ० ******